तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम ,रुपन्देही, लुम्बिनी प्रदेश


प.सं.: ०८०/०८१
च.नं.:

मितिः २०८०/४/२९

# व्यवसाय दर्ता गर्ने सम्वन्धी सूचना

प्रस्तुत विषयमा यस तिलोत्तमा नगरपालिकाको व्यवसाय दर्ता तथा नवीकरण सम्वन्धी कार्यविधि २०७५ को दफा ३ मा नगरपालिका कार्यक्षेत्र भित्र संचालित कुनै पनि व्यवसाय नगरपालिका कार्यालयमा दर्ता नगरि संचालन गर्न नपाइने व्यवस्था उल्लेख भएकोले यस नगरपालिका क्षेत्र भित्र संचालनमा रहेका कुनै पनि प्रकारका उधोग, व्यापार, व्यवसाय, पेशा वा यस्तै अन्य प्रकृतिका व्यवसायिक कारोबार गर्ने व्यक्ति वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र देहायका विवरण तथा कागजात संलग्न गरी सम्वन्धित वडा कार्यालय निवेदन दिई व्यवसाय दर्ता गर्नुहुन सम्वन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै व्यक्तिगत रुपमा इलेक्ट्रिकल, प्लम्बिङ्ग, कार्पेन्ट्री, टायल,मार्बल फिटिङ्गका कार्य, फर्निचर र फर्निसिङ्ग लगायतका कामहरु गर्दै आएका नेपाली तथा भारतीय नागरिकहरु समेत अनिवार्य रुपमा दर्ता वा दर्तावाला व्यवसायमा आवद्द भई काम गर्न सूचित गरिन्छ । दर्ता नगरी व्यवसाय संचालन गरेको पाइएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

माधव प्रसाद पोखेल
शाखा अधिकृत

**व्यवसाय दर्ताका लागि आवश्यक कागजातहरु**

१. व्यवसायीको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
२. प्रचलित कानुन बमोजिम सम्वन्धित निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी(अन्य निकायमा व्यवसाय दर्ता गरेको भएमा मात्र ) ।
३. गैर नेपाली नागरिकको हकमा सम्वन्धित देशको नागरिकता वा नागरिक जनिने प्रमाणपत्रको प्रतिलिपी ।
४.२ (दुई) प्रति फोटो
५. घर भाडा सम्झौता पत्र ( घर भाडमा लिई व्यवसाय संचालन गरेको भए मात्र)



Scanned with CamScanner